# मेडिकल कलेज/ स्वास्थ बिज्ञान प्रतिष्ठानले विशेषज्ञ शल्यचिकित्सा सेवा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
उपचारात्मक सेवा महाशाखा

# मेडिकल कलेज/स्वास्थ विज्ञान प्रतिष्ठानले विशेषज्ञ शल्यचिकित्सा सेवा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८

**प्रस्तावना:** नेपालको संबिधानको धारा ३५(३) ले प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक सुनिश्चित गरेको छ। जनस्वास्थ्य नियमावली २०७७ को दफा ५ अनुसार विशेषज्ञ शल्यचिकित्सा सेवा उपलब्ध गराउने उद्देश्यले जन स्वास्थ्य सेवा ऐन, २०७५ को दफा ६४ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरिएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस कार्यविधिको नाम **"मेडिकल कलेज/स्वास्थ्य विज्ञान प्रतिष्ठानले विशेषज्ञ शल्यचिकित्सा सेवा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८"** हुनेछ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) **"अस्पताल"** भन्नाले प्रदेश अन्तर्गत रहेका जिल्ला स्थित २५ र ५० शय्याका सरकारी अस्पतालहरुलाई सम्झनुपर्दछ ।

(ख) **"मन्त्रालय"** भन्नाले नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई सम्झनुपर्दछ ।

(ग) **"मेडिकल कलेज/स्वास्थ्य विज्ञान प्रतिष्ठान"** भन्नाले चिकित्साशास्त्र विषय अध्ययन अध्यापन गराउने सरकारी र निजी मेडिकल कलेज र स्वास्थ्य विज्ञान प्रतिष्ठानहरु समेतलाई सम्झनुपर्दछ।

(घ) **"विशेषज्ञ चिकित्सक"** भन्नाले सम्बन्धित काउन्सिलमा दर्ता भई सम्बन्धित चिकित्सा शास्त्र विषयमा कम्तिमा स्नातकोत्तर तहको उपाधी प्राप्त गरेको चिकित्सकलाई सम्झनुपर्दछ।

३. **सेवा सञ्चालन प्रकृया:**

(१) मन्त्रालय, प्रदेश सामाजिक विकास मन्त्रालय/स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अस्पतालको पुर्वाधार, जनशक्ति र उपकरणहरु उपलब्ध भएको सुनिश्चितता गर्नु पर्ने छ ।

(२) अस्पतालहरूले चिकित्सक एवं स्वास्थ्यकर्मीहरुलाई चिकित्सकीय सेवा उपलब्ध गराउन आवश्यक वातावरण तयार गर्नु पर्ने छ ।

(३) मेडिकल कलेज/स्वास्थ्य विज्ञान प्रतिष्ठानहरूलाई अस्पतालहरुमा नियमित शल्यचिकित्सा सहितको विषेशज्ञ सेवा उपलब्ध गराए बापत मन्त्रालयले आवश्यक बजेट उपलब्ध गराउनेछ। सो रकम मेडिकल कलेज/स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट खटिने जनशक्तिलाई प्रोत्साहन भत्ता स्वरूप विशेषज्ञ चिकित्सकलाई नेपाल सरकारको स्वास्थ्य सेवाको नवौं तहको न्युनतम तलव बराबरको र अन्यको हकमा समान तह अनुसारको रकम उपलब्ध गराईनेछ।

(४) उपलव्ध गराएको रकम नेपाल सरकारको नियममा रही खर्च गरी मासिक विवरण मन्त्रालयलाई उपलव्ध गराउनु पर्नेछ।

(५) मेडिकल कलेज/स्वास्थ्य विज्ञान प्रतिष्ठानहरुले अस्पतालहरुमा नियमित (२४/७) शल्यचिकित्सा सहितको विषेशज्ञ सेवा उपलव्ध गराउनुपर्नेछ।

(६) विशेषज्ञ शल्यचिकित्सा सेवा संचालन गर्ने अस्पतालहरू ***अनुसूची-१*** मा उल्लेख भए अनुसार हुनेछ।

(७) विशेषज्ञ शल्यचिकित्सा सेवा उपलव्ध गराउनका लागि ***अनुसूची-२*** अनुसारको जनशक्तिको व्यवस्था मिलाउनुपर्नेछ।

(८) अस्पतालहरुमा उपलव्ध गराउनुपर्ने विशेषज्ञ शल्यचिकित्सा सेवाहरु ***अनुसूची-३*** अनुसार हुनेछन।

४. **सम्झौता गर्नुपर्ने:** विशेषज्ञ शल्यचिकित्सा सेवा उपलब्ध गराउन मन्त्रालय, मेडिकल कलेज/स्वास्थ्य विज्ञान प्रतिष्ठान र जिल्ला स्थित अस्पताल बीच ***अनुसूची-४*** अनुसार त्रिपक्षीय सम्झौता हुनेछ।

५. **अभिलेख, प्रतिवेदन तथा वार्षिक समिक्षा**:

(१) विशेषज्ञ शल्यचिकित्सा सेवा सम्बन्धी अभिलेख सम्बन्धित अस्पतालहरुले राख्नुपर्नेछ।

(२) मेडिकल कलेज/स्वास्थ्य विज्ञान प्रतिष्ठान र अस्पतालहरुले सेवा प्रवाहको प्रतिवेदन ***अनुसूची-५*** अनुरुप भरी मासिक रुपमा उपलव्ध गराउनुपर्नेछ।

(३) जिल्ला स्थित अस्पतालले कार्यक्रमको वार्षिक समिक्षा गरी योजना तर्जुमा गर्ने र प्रतिवेदन तयार गर्नु पर्नेछ।

६. **विविध:** यो कार्यविधिमा कुनै द्विविधा भएमा मन्त्रालयले व्याख्या गर्नेछ।

<u>अनुसूची-१</u>

विशेषज्ञ शल्यचिकित्सा सेवा संचालन गर्ने अस्पतालहरू र मेडिकल कलेज/स्वास्थ्य विज्ञान प्रतिष्ठान

| क.सं. | मेडिकल कलेज/स्वास्थ्य विज्ञान प्रतिष्ठानको नाम | सेवा प्रदान गर्ने अस्पताल |
|---|---|---|
| १. | नेपालगंज मेडिकल कलेज तथा शिक्षण अस्पताल, कोहलपुर | जाजरकोट अस्पताल |
| २. | कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्ला | डोल्पा अस्पताल |
| ३. | युनिभर्सल कलेज अफ मेडिकल साइन्सेज, भैरहवा | रुकुम अस्पताल, रुकुम पश्चिम |
| ४. | लुम्बिनी मेडिकल कलेज तथा शिक्षण अस्पताल, पाल्पा | गुल्मी अस्पताल |
| ५. | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पोखरा | दमौली अस्पताल, तनहुँ |
| ६. | गण्डकी मेडिकल कलेज तथा शिक्षण अस्पताल, पोखरा | स्याङ्जा अस्पताल |
| ७. | मणिपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, पोखरा | पर्वत अस्पताल |
| ८. | चितवन मेडिकल कलेज तथा शिक्षण अस्पताल, भरतपुर | टीकापुर अस्पताल, टीकापुर कैलाली |
| ९. | कलेज अफ मेडिकल साइन्सेज, भरतपुर | रोल्पा अस्पताल |
| १०. | पाटन स्वास्थ्य विज्ञान, पाटन | गोर्खा अस्पताल |
| ११. | त्रि. वि. शिक्षण अस्पताल, माहाराजगंज | सिन्धुपाल्चोक अस्पताल |
| १२. | राष्ट्रिय चिकित्सा विज्ञान प्रतिष्ठान, बिर अस्पताल | धादिङ अस्पताल |
| १३. | काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिन्हामंगल | रामेछाप अस्पताल |

| क.सं. | मेडिकल कलेज/स्वास्थ्य विज्ञान प्रतिष्ठानको नाम | सेवा प्रदान गर्ने अस्पताल |
|---|---|---|
| १४. | किस्ट मेडिकल कलेज तथा तथा शिक्षण अस्पताल, ललितपुर | दोलखा अस्पताल |
| १५. | नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल | खोटांग अस्पताल |
| १६. | धुलिखेल मेडिकल कलेज तथा शिक्षण अस्पताल, धुलिखेल | सिन्धुली अस्पताल |
| १७. | नेशनल मेडिकल कलेज तथा तथा शिक्षण अस्पताल, बीरगंज | गौर अस्पताल |
| १८. | बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान | धनकुटा अस्पताल |
| १९. | नोबेल मेडिकल कलेज तथा शिक्षण अस्पताल, विराटनगर | पाँचथर अस्पताल |
| २०. | विराट मेडिकल कलेज तथा तथा शिक्षण अस्पताल, विराटनगर | तेह्रथुम अस्पताल |

अनुसूची-२:

मेडिकल कलेज/स्वास्थ्य विज्ञान प्रतिष्ठान बाट उपलब्ध हुनुपर्ने न्यूनतम जनशक्ति

| क.स. | मानव संसाधन | संख्या | कैफियत |
|---|---|---|---|
| १ | शल्य चिकित्सक | १ | एक समयमा |
| २ | प्रशुती तथा स्त्रीरोग विशेषज्ञ | १ | एक समयमा |
| ३ | एनेस्थेसियोलोस्ट तथा एनेस्थेसिया सहायक | १ | एक समयमा |

## अनुसूची-३

### प्रदान गर्नु पर्ने विशेषज्ञ शल्यचिकित्सा सेवाहरू

| क्र.सं | उपलब्ध गराउनुपर्ने मुख्य मुख्य सेवाहरु |
|---|---|
| १. | बहिरंग सेवा :<br>• बहिरंग सेवामा विरामजीहरूको रोग पहिचान र उपचारको व्यवस्था गरी अपरेशन/शल्यक्रिया गर्नु पर्ने भए छनौट गर्ने,<br>• अप्रेसन गर्ने विरामीहरुको अप्रेसनपूर्व र अप्रेसन पश्चातको जाँच, फ्लो अप र परामर्श गर्ने<br>• महिला तथा प्रसूति सेवा, साथै जटिल गर्भवती सेवा तथा परामर्स सेवा |
| २. | शल्यक्रिया सेवाः Minor Procedures (abscess, cyst, ganglion, stitch removal, corn, ingrown toe nail etc), cellulitis, fasciotomy, external hemorrhoid, foreign body removal, herniotomy, Hydrocele, Dislocation relocation, C/S, Appendectomy, Emergency Laparotomy, Bladder Stone, Ectopic Pregnancy, Phimosis, Para Phimosis, Orthopedic Procedure, Biopsy and other emergency procedures |
| ३. | आवश्यक प्रेषणको व्यवस्था मिलाउने, अस्पतालसँग समन्वय गर्ने |

## अनुसूची-४

**मन्त्रालय, मेडिकल कलेज/प्रतिष्ठान र अस्पताल बीच विशेषज्ञ शल्यचिकित्सा उपलब्ध गराउने सम्बन्धी त्रिपक्षीय सम्झौता**

---

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय यस पछि "प्रथम पक्ष" भनिने, ............................................. मेडिकल कलेज/स्वास्थ्य विज्ञान प्रतिष्ठान यस पछि "दोस्रो पक्ष" भनिने र ...................अस्पताल "तेश्रो पक्ष" भनिने बीच विशेषज्ञ शल्यचिकित्सा सहितको सेवा उपलब्ध गराउन **मेडिकल कलेज/स्वास्थ विज्ञान प्रतिष्ठानले विशेषज्ञ शल्यचिकित्सा सेवा उपलब्ध गराउने सम्बन्धी कार्यविधि. २०७८"** बमोजिम तिनै पक्ष सहमत भई यो सम्झौता गरिएको छ।

**क) प्रथम पक्षको जिम्मेवारीः**

१) प्रथम पक्षले सम्झौता पत्रमा उल्लेख भए अनुसार अस्पतालको पुर्वाधार, जनशक्ति र उपकरणहरु उपलव्ध भएको सुनिश्चितता गर्ने ।

२) दोस्रो पक्षका चिकित्सक एवं स्वास्थ्यकर्मीहरुलाई चिकित्सकीय सेवा उपलव्ध गराउन आवस्यक वातावरण तयार गर्ने ।

३) मेडिकल कलेज/स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट खटिने जनशक्तिलाई प्रोत्साहन भत्ता उपलव्ध गराउने।

**ख) दोस्रो पक्षको जिम्मेवारीः**

१) यसै सम्झौतापत्रमा उल्लेख भए अनुसारको विशेषज्ञ चिकित्सक र स्वास्थ्यकर्मीहरु अस्पतालमा उपलव्ध हुने व्यवस्था मिलाउने ।

२) ***अनुसूची-४*** मा उल्लेख भएका सेवाहरु नियमित (२४/७) उपलव्ध गराउनु पर्नेछ।

३) खटिने विशेषज्ञ चिकित्सक/स्वास्थ्यकर्मीहरू अस्पतालका मेडिकल सुपरीटेन्डेन्टसंगको समन्वय मा रही सेवा प्रदान गर्ने।

ग) **तेश्रो पक्षको जिम्मेवारीः**

(१) अस्पताल सेवा सञ्चालनको लागि आवश्यक पूर्वाधार, जनशक्ति, औजार, उपकरणको व्यवस्थापन गर्ने,

(२) सेवा प्रदायक मेडिकल कलेज तथा स्वास्थ्य बिज्ञान प्रतिष्ठानका कर्मचारीहरुको लागि आवास र खानाको लागि सहजिकरण गर्ने,

(३) सेवा प्रदायक कर्मचारीहरुको भौतिक सुरक्षा एवं पेशागत सुरक्षाको व्यवस्था मिलाउने।

(४) अस्पतालमा विशेषज्ञ शल्यचिकित्सा सेवा उपलब्ध गराउन मन्त्रालयसँग समन्वय गर्ने।

(५) सेवा प्रवाहको अभिलेख राखी **अनुसूची-५** बमोजिम मासिक प्रतिवेदन पेस गर्ने।

ङ) यो सम्झौता पत्र..... /..../..... गतेदेखि .........सम्म लागू हुनेछ ।

च) यो सम्झौता त्रिपक्षीय समझदारीमा संशोधन गर्न सकिनेछ।

| **प्रथम पक्षका तर्फबाट** | **दोश्रो पक्षका तर्फबाट** | **तेश्रो पक्षको तर्फबाट** |
|---|---|---|
| नाम र थरः | नाम र थरः | नाम र थरः |
| पदः | पदः | पदः |
| कार्यालयः | मेडिकल कलेज/ स्वास्थ्य विज्ञान प्रतिष्ठानः | अस्पतालः |
| मितिः | मितिः | मितिः |
| कार्यालयको छापः | कार्यालयको छापः | कार्यालयको छापः |

## अनुसूची-५

### मासिक प्रतिवेदन फाराम

मितिः

विशेषज्ञ शल्यचिकित्सा सेवा प्रदान गर्ने मेडिकल कलेज/स्वास्थ्य विज्ञान प्रतिष्ठान नामः

अस्पतालको नामः

प्रतिवेदन गरिएको महिनाः

| **प्रदान गरिएका प्रमुख सेवाहरू** | | | | |
|---|---|---|---|---|
| क्र.सं. | निदान | उपचार | संख्या | कैफियत |
| | | | | |
| | | | | |
| | | | | |